## e-TDS

**१. e-TDS भनेको के हो ?**

*भुक्तानीमा गरिएको (अग्रिम) करकट्टीको विवरण विद्युतीय प्रणाली (Internet) बाट बुझाउने व्यवस्था हो ।*

**२. e-TDS गर्ने प्रकिया के हो ? कसरी गर्नुपर्दछ ?**

- *ird.gov.np मा लगअन गर्नुहोस ।*
- *e-TDS मा क्लिक गर्नुहोस ।*
- *Get transaction number गर्नुहोस ।*
- *username, password आफैं राखी सबै विवरण भर्नुहोस।*
- *Transaction number प्राप्त हुनेछ ।*
- *Enter TDS information मा क्लिक गर्नुहोस ।*
- *Transaction number राखी सबै विवरण भर्नुहोस।*
- *थप कारोवार entry गर्न Add मा क्लिक गर्नुहोस ।*
- *सबै कारोवार entry गरिसकेपछि Insert Voucher Information मा क्लिक गर्नुहोस ।*
- *स्किनमा देखिने सबै विवरण भर्नुहोस । ( खाता नं, भौचर नं.,भुक्तानीको किसिम,कार्यालय, TDS रकम,बैंक कोड )*
- *Print Preview मा क्लिक गरी Print निकालेर कार्यालयको संकलन शाखामा सम्पर्क गर्नुहोस ।*
- *थप सहयोगको आबश्यक भएमा त्यहि e-TDS main menu मा गई Help लिन सकिन्छ ।*

**३. मेरो करकट्टी भएको रकम कति जम्मा भएछ भनेर म स्वयंले हेर्न मिल्छ ?**

*यदि तपाईंको कर कट्टी गर्ने व्यक्तिले e-TDS मार्फत अग्रिम करकट्टीको विवरण बुझाएको रहेछ भने तपाईं आफैंले विद्युतीय प्रणाली (Internet) बाट हेर्न सक्नुहुन्छ ।*

**४. मेरो अग्रिम करकट्टी भई e-TDS मार्फत जम्मा भएको रकम हेर्ने प्रकिया के हो ?**

*Username, password प्राप्त गर्न आ.रा.का. मा सम्पर्क गर्नुहोस । त्यसपछि,*

- *ird.gov.np मा लगअन गर्नुहोस ।*

- *e-TDS मा क्लिक गर्नुहोस ।*
- *Withholdee Login मा क्लिक गर्नुहोस ।*
- *Username, password राखी आफ्नो विवरण हेर्नुहोस।*

**५. e-TDS गर्नका लागि के मैले प्रत्येक पटक Username, password दर्ता गराउनु पर्दछ ?**

*पर्दैन । एकपटक दर्ता भएको Username, password सधैं प्रयोग गर्न सक्नुहुन्छ ।*

**६. मेरो अग्रिम करकट्टी भई e-TDS मार्फत जम्मा भएको रकम कर दावी गर्न के के कागजात चाहिन्छ ? प्रकिया के हो ?**

*तपाईंले आय विवरणसाथ संलग्न गर्नुपर्ने अनुसूची १० मा कर दावी महलमा अन्य विवरणका अतिरिक्त e-TDS को transaction number मात्र राखे पुग्छ,अन्य कागजात ( भौचर,अग्रिम कर कट्टी फाराम) संलग्न गर्नु पर्दैन ।*